# हिमाली गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः–२ संख्याः–१० मितिः–२०७५-१२-१४

## हिमाली गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

गाउँ सभाबाट स्वीकृत) मितिः-२०७५ चैत्र १४, बिहिवार (धुलाचौर, बाजुरा

## हिमाली गाउँपालिका मदिरा नियन्त्रण ऐन, २०७५

# मदिरा नियन्त्रण ऐन, २०७५

**प्रस्तावना :**

समुदायदायलाई सभ्य, सुसज्जीत, शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन मदिराको नियन्त्रण गर्न वाञ्छनीय भएकोले, हिमाली गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रहि यो ऐन बनाई लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मदिरा नियन्त्रण ऐन २०७५" रहेको छ ।
(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई प्रमाणिकरण भएपछी लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले मदिरा ऐन २०३१ को दफा ६ (क) बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "सेवनकर्ता" मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "ईजाजतपत्र" भन्नाले सम्बन्धित वडा कार्यालयबाट लिएको व्यवसाय ईजाजतपत्र सम्झनुपर्छ ।

३. **मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :** हिमाली गाउँपालिका क्षेत्र भित्र कुनै पनि व्यक्तिले मदिराको उत्पादन गर्न तथा बिक्री वितरण गर्न पाउने छैन ।

४. **मदिराको निकासी पैठारीमा बन्देज :** हिमाली गाउँपालिका क्षेत्र भित्र कुनै पनि व्यक्तिले मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

**५. होहल्ला, गाली बेइज्जती र झैझगडा गर्न नपाईने :** मदिरा सेवन गरेर कुनै पनि व्यक्तिले होहल्ला गर्न पाईने छैन । साथै मदिरा सेवन गरि समुदायमा कसैलाई गाली बेइज्जती र झैझगडा गर्न पाइने छैन ।

**६. समिति गठन :** (१) मदिरा नियन्त्रण तथा अनुगमन गर्नका लागि प्रत्येक वडामा निम्न बमोजिमको एउटा वडामा समिति गठन गरिने छ ।

| | |
|---|---|
| वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति | – संयोजक |
| प्रहरी कार्यालयको प्रतिनिधि | – सदस्य |
| स्वास्थ्य कार्यालयको प्रतिनिधि | – सदस्य |
| वडा स्तरको महिला समुहको प्रतिनिधि | – सदस्य |
| महिला तथा आमा समुहका संयोजक | - सदस्य |
| वडा स्तरको बाल समुह/दलित संजाल/जनजाती समूहको प्रतिनिधि | – सदस्य |
| वडा अध्यक्षले मनोनित गरेको महिला वडा सदस्य | – सदस्य |
| वडा कार्यालयको सचिव | – सदस्य सचिव |

**७. नियमित अनुगमन :** (१) वडा समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको बारेमा जाँचबुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिले अनुगमन गरि सकेपछिको प्रतिवेदन तयार गरि अनिवार्य रुपमा गाउँकार्य पालिकाको कार्यालयमा सो प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(३) अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा बिक्री वितरण तथा सेवनको अवस्था कस्तो छ सोको जानकारी सो प्रतिवेदन मार्फत पेश गर्नु पर्ने छ ।

(४) सेवनकर्तले समुदायमा मदिरा सेवन गरि के कति होहल्ला, गाली बेइज्जती र झैझगडा गरे सोको जानकारी,

**८. सचेतना कार्यक्रम संचालन गर्ने :** (१) प्रत्येक ६ महिनामा मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्ने छ ।

(२) वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ ।

**९. सजाय :** (१) मदिरा उत्पादन, बिक्री वितरण तथा सेवन गरि होहल्ला, गाली बेइज्जती गर्नेलाई यो ऐन अन्तर्गत सजाय गरिने छ ।

जनक बहादुर शाही
नि.प्रमुख प्रशासकीय अधिकृत

(२) यस ऐनको दफा ३ बमोजिमको कार्य गर्ने व्यक्तिलाई पहिलो पटक रु. पाँच हजार रुपैया जरिवाना गरिने छ । सोही व्यक्तिले यहि कार्य फेरि दोहर्याएमा दोस्रो पटक रु. दश हजार रुपैया जरिवाना गरिने छ । यो कार्य यसरी फेरि दोहर्याउदै जानेलाई यहि क्रममाः जरिवाना बढ्दै जाने छ ।

(३) यस ऐनको दफा ४ बमोजिमको कार्य गर्ने व्यक्तिलाई पहिलो पटक रु. पाँच हजार रुपैया जरिवाना गरिने छ । सोही व्यक्तिले यहि कार्य फेरि दोहर्याएमा दोस्रो पटक रु. दश हजार रुपैया जरिवाना गरिने छ । यो कार्य यसरी फेरि दोहर्याउदै जानेलाई यहि क्रममाः जरिवाना बढ्दै जाने छ ।

(४) यस ऐनको दफा ५ बमोजिमको कार्य गर्ने व्यक्तिलाई पहिलो पटक रु. तीन हजार रुपैया जरिवाना गरिने छ । सोही व्यक्तिले यहि कार्य फेरि दोहर्याएमा दोस्रो पटक रु. छ हजार रुपैया जरिवाना गरिने छ । यो कार्य यसरी फेरि दोहर्याउदै जानेलाई यहि क्रममाः जरिवाना बढ्दै जाने छ ।

(५) जरिवाना वापतको रकम गाउँपालिकाको कोषमा जम्मा हुनेछ ।

**१०. कारवाहीका लागि सिफारिस गरि पठाउने :** (१) समुदायमा मदिरा उत्पादन, बिक्री वितरण गर्ने र मदिरा सेवन गरि कुनै व्यक्ति तथा समुदायलाई पटक पटक गाली बेइज्जती गर्ने, कुनै आक्षेप लगाउने र समुदायमा मदिरा सेवन गरि झैझगडा गर्ने व्यक्तिलाई गाउँपालिकाको न्यायिक समितिमा कारवाहीका लागि वडा समितिले सिफारिस गरि पठाउन सक्ने छ ।

**११. खानतलासी गर्न सक्ने :** (१) गाउँपालिका भित्रको कुनै स्थानमा यो ऐन बमोजिम जरिवाना हुने कार्य गरेको भन्ने मनासिव कारण भेटिएमा वा कसैले सोको सुराकी गरेमा वडा समितिले सो व्यक्तिको घर, पसल, छानो, खेतबारी लगायतका स्थानमा खानतलासी गर्न सक्ने छ ।

(२) यसरी खानतलासी गर्दा मदिरा लगायत यसको उत्पादन तथा बिक्री वितरणसँग सम्बन्धित केही सामाग्री फेला परेमा बरामद गरि कारवाहीका लागि सिफारिस समेत गरिने छ ।

(३) यो ऐन विपरितको कार्य बारे सुराकी गर्ने व्यक्तिलाई गाउँपालिकाले गोप्य रुपमा पुरस्कृत समेत गर्ने छ ।

जनक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

**१२. उजुरी दिन सक्ने** : (१) यस ऐनको दफा ३, ४ र ५ बमोजिमको कार्य गर्ने व्यक्तिका विरुद्ध थाहा पाउने जोसुकै व्यक्तिले पनि गाउँपालिकाको न्यायिक समितिमा कार्वाहीका लागि उजुरी निवेदन दिन सक्ने छ ।

(२) यसरी आएको उजुरीलाई न्यायिक समितिले छानविन गरि जरिवाना गर्न सक्ने छ ।

**१३. पुनरावेदन :** यस ऐन अन्तर्गत जरिवाना गरिएको विषयमा चित्त नबुझे जरिवाना गरिएको ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सकिने छ ।

**१४. स्वत खारेज हुने :** माथिका दफाहरुमा जेसुकै लेखिएको भएपनि मदिरा ऐन २०३१ बमोजिम मदिरा बिक्री वितरणका लागि अनुमति तथा इजाजत लिएका व्यक्तिहरुको अनुमति तथा इजाजत पत्र २०७६ को असार मसान्तसम्म कायम रहने छ । त्यसपछि सो अनुमति तथा इजाजत पत्र स्वतः खारेज भएको मानिने छ ।

**आज्ञाले,**
**जनक बहादुर शाही**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

हिमाली गाउँपालिका मदिरा नियन्त्रण ऐन, २०७५